# नेपाल बङ्गलादेश बैंक लिमिटेडको
# विशेष साधारण सभाको विवरण (माइन्युट)

## १. वैधानिक सभा

नेपाल बङ्गलादेश बैंक लिमिटेडको सञ्चालक समितिको मिति २०७९/०१/२२ मा बसेको ३८९औं सञ्चालक समितिको बैठकको निर्णयानुसार बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३ र बैंकको प्रबन्धपत्र तथा नियमावली अनुसार बैंकको विशेष साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री अबु रैहान मोहम्मद(ए.आर.एम). नजमुस शकिबज्यूको सभापतित्वमा सम्पन्न भई देहाय बमोजिम निर्णय भयो ।

## २. सभाको स्थान, मिति र समय

२.१ स्थान : आर्मी अफिसर्स क्लब, भद्रकाली काठमाण्डौं तथा जुम वेबिनार मार्फत् अनलाइन भिडियो कन्फेरिन्सिङका माध्यमबाट ।

२.२ मिति : २०७९ साल ज्येष्ठ ०७ गते, शनिबार (तदनुसार २१ मे, २०२२) ।

२.३ समय : बिहान ११:०० बजेदेखि प्रारम्भ भई अपराह्ण २:०० बजे सम्पन्न ।

## ३. सभाको सूचना प्रकाशन

३.१ सभालाई कम्पनी ऐन, २०६३ को दफा ६७ र दफा ८२ तथा बैंकको नियमावलीको नियम १८ (३) को प्रावधान अनुसार २०७९ साल वैशाख २३ गतेको "आर्थिक अभियान" राष्ट्रिय दैनिक र २०७९ साल वैशाख २९ गतेको "कारोबार" राष्ट्रिय दैनिकमा विशेष साधारण सभाको सूचना सहित सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयको सूचना शेयरधनी महानुभावहरूको जानकारीका लागि प्रकाशित भएको जानकारी गराइयो ।

३.२ उपरोक्त सूचना र जानकारी बैंकको आधिकारिक वेबसाइट www.nbbl.com.np मा प्रकाशित गरिनुका साथै अनलाइन भिडियो कन्फेरिन्सिङ जुम वेबिनार मार्फत् साधारण सभामा सहभागी हुन इच्छुक शेयरधनी महानुभावका लागि आवश्यक मिटिङ आईडी तथा पासकोड तत्काल उपलब्ध इमेल ठेगाना र मोबाइल फोनमा इमेल र एसएमएस मार्फत् शेयरधनी महानुभावहरूलाई पठाइएको थियो ।

## ४. सभाको विषयसूची

**(क) विशेष प्रस्तावहरू :**

१. नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई नबिल बैंक लिमिटेडले प्राप्ति(Acquisition)गर्ने प्रयोजनका लागि मुल्यांकनकर्ता PKF T R Upadhayay and Co., Chartered Accountants बाट प्राप्त लक्षित संस्थाको सम्पत्ति, दायित्व तथा कारोबारको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) बमोजिम सिफारिस गरिएको शेयर आदान प्रदान अनुपात (Share Swap Ratio)मा व्यावसायिक अवसरहरू, व्यवसायको प्रतिष्ठा, कर्मचारीहरूको योग्यता, क्षमता,

दक्षता तथा कार्यकुशलता, बजार उपस्थिति, मुनाफा वितरणको इतिहास, पछिल्लो शेयर बजार मुल्य समेतका थप विषयहरूको आधारमा नेपाल बङ्गलादेश बैंक लिमिटेडको १०० कित्ता शेयर बराबर यस कम्पनीका शेयरधनीहरूलाई नबिल बैंक लिमिटेडको ४३ कित्ता (१:०.४३) शेयर प्राप्त हुने गरी नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई नबिल बैंक लिमिटेडले प्राप्तिमा (Acquisition) लैजान स्वीकृति प्रदान गर्ने ।

२. नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई नबिल बैंक लिमिटेडले प्राप्ति(Acquisition)गर्ने/मा लैजाने सम्बन्धमा भएको सम्पत्ति, दायित्व, तथा कारोबारको मुल्यांकनकर्ता PKF T R Upadhayay and Co., Chartered Accountants को नियुक्ति तथा निजलाई भुक्तानी गरिएको पारिश्रमिक, सम्पत्ति तथा दायित्व मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report), समझदारीपत्र (Memorandum of Understanding) तथा अन्तिम सम्झौतापत्र (Final Scheme of Arrangement), Merger & Acquisition सम्बन्धी Committee को गठन र सो कमिटीबाट भए-गरेका निर्णय लगायतका सम्पूर्ण काम कारवाहीहरूलाई अनुमोदन गर्ने ।

३. नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई नबिल बैंक लिमिटेडले प्राप्तिमा लैजाने सम्बन्धमा दुबै पक्षबिच गरिएको अन्तिम सम्झौतापत्र बमोजिम नियमनकारी निकायहरूबाट प्राप्त सुझाव तथा निर्देशन बमोजिम प्राप्ति भई जाने सम्बन्धमा गर्नुपर्ने थपघट तथा आवश्यक संशोधन लगायत सो सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्यहरू गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ख) विविध** (कुनै भएमा) ।

**५. उपस्थिति**

**५.१ अध्यक्ष तथा सञ्चालकहरू:**

| | | | |
|---|---|---|---|
| क. | श्री ए.आर.एम. नजमुस शकिब | - | अध्यक्ष |
| ख. | श्री इन्द्र बहादुर थापा | - | सञ्चालक |
| ग. | श्री मोहमद साह अलाम सरवर | - | सञ्चालक (जुम वेबिनार मार्फत्) |
| घ. | श्री कमरुन नहर अहमद | - | सञ्चालक |
| ङ. | श्री योगिता दाहाल | - | सञ्चालक |
| च. | श्री अमन शाह | - | सञ्चालक |

**५.२ प्रमुख कार्यकारी तथा अन्य पदाधिकारी**

| | | | |
|---|---|---|---|
| क. | श्री भुपेन्द्र पाण्डेय | - | का.मु. प्रमुख कार्यकारी अधिकृत |
| ख. | श्री सुरेन्द्र भुषण श्रेष्ठ | - | नायब प्रमुख कार्यकारी अधिकृत |
| ग. | श्री रघु कृष्ण श्रेष्ठ | - | नायब महा-प्रबन्धक |
| घ. | श्री सलोनिका सिंह | - | नायब महा-प्रबन्धक |
| ङ. | श्री सुरेश देवकोटा | - | सहायक महा-प्रबन्धक |

| | | | |
|---|---|---|---|
| च. | श्री नवराज खनियाँ | - | सहायक महा-प्रबन्धक |
| छ. | श्री राजेन्द्र प्रसाद अधिकारी | - | सहायक महा-प्रबन्धक |
| ज. | श्री कविन्द्र दाहाल | - | प्रमुख वित्त अधिकृत |
| झ. | श्री विश्वप्रकाश पौडेल | - | कम्पनी सचिव |

## ५.३ पर्यवेक्षक तथा आमन्त्रितको उपस्थिति

| | | | |
|---|---|---|---|
| क. | श्री नवराज थापा | - | अधिकृत, नेपाल स्टक एक्सचेन्ज लिमिटेड |
| ख | श्री सन्तोष लामिछाने | - | वरिष्ठ साझेदार, DDA Auditor (PKF T R Upadhayay and Co., Chartered Accountants) |
| ग. | श्री प्रकाशजंग थापा | - | आन्तरिक लेखापरीक्षक (PJ Thapa and Co., Chartered Accountants) |
| घ. | अधिवक्ता श्री बालकृष्ण ढकाल | - | कानूनी सल्लाहकार |
| ङ | अधिवक्ता श्री मेघराज पोखरेल | - | कानूनी सल्लाहकार |

## ५.४ शेयरधनीहरूको उपस्थिति

| भौतिक रूपमा उपस्थितिको विवरण | जम्मा उपस्थिति | शेयरको प्रतिनिधित्व |
|---|---|---|
| व्यक्तिगत रूपमा उपस्थित | १६५ | २,७९,१७६ (०.२८%) |
| प्रतिनिधि मार्फत् | ३ | ५,६७,७३,२०० (५६.०१%) |
| **जम्मा** | **१६८** | **५,७०,५२,३७६ (५६.२९%)** |

**५.५ जुम वेबिनार मार्फत् अनलाइन भिडियो कन्फेरिन्सिङका माध्यमबाट उपस्थित शेयरधनीहरूको संख्या :** जम्मा ७१ जना ।

## ६. गणपुरक संख्या

| स्वयम् उपस्थित भै प्रतिनिधित्व भएको शेयर (क) | प्रतिनिधिपत्र मार्फत प्रतिनिधित्व भएको शेयर (ख) | जम्मा उपस्थित (क)+(ख) | जम्मा शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| २,७९,१७६ (०.२८%) | ५,६७,७३,२०० (५६.०१%) | **५,७०,५२,३७६** | **५६.२९%** |

## ७. सभाको वैधानिकता

७.१ कम्पनी सचिवद्वारा बैंकको विशेष साधारण सभा सञ्चालनको लागि कम्पनी ऐन २०६३ को दफा ७३ (२) र बैंकको नियमावलीको नियम २३ बमोजिम साधारण सभाको गणपूरक संख्या पर्याप्त भएको र प्रचलित ऐन कानूनअनुसार सभा वैधानिक भएको जानकारी गराइयो ।

७.२ त्यसपछि कम्पनी ऐन २०६३ को दफा ६७(२) बमोजिम शेयरधनीलाई सूचना दिए बमोजिम गणपूरक संख्या पुगेको हुँदा सभाको कार्यवाही अगाडी बढाइयो ।

## ८. सभाको सभापतित्व र सभा सञ्चालन

सभाको वैधानिकता पूरा भए पश्चात् सभाको सभापतित्व गर्नका लागि कम्पनी ऐन २०६३ को दफा ७४(१) र बैंकको नियमावलीको नियम १९(१)अनुसार सञ्चालक समितिका अध्यक्ष नै साधारण सभाको पनि सभापति हुने व्यवस्था अनुरुप बैंकको सञ्चालक समितिका अध्यक्ष श्री ए.आर.एम.नजमुस शकिबज्यूलाई सभाको सभापतित्व गरी दिन आग्रह गरे बमोजिम वहाँले सभाको सभापतिको आसन ग्रहण गर्नु भै सभामा उपस्थित शेयरधनी माहानुभावहरूलाई बैंकका का.मु. प्रमुख कार्यकारी अधिकृत श्री भुपेन्द्र पाण्डेयले आजको विशेष साधारण सभामा स्वागत गर्दै आफ्नो मन्तव्य व्यक्त गर्नुभयो । साथै, बैंकको Merger and Acquisition सम्बन्धी गतिविधिबारे छोटकरीमा सभा समक्ष जानकारी प्रस्तुत गर्नुभयो ।

## ९. अध्यक्षको मन्तव्य

सञ्चालक समितिका अध्यक्ष एंव आजको विशेष साधारण सभाका सभापति श्री ए.आर.एम. नजमुस शकिबज्यूले बैंकको तर्फबाट Merger and Acquisition सम्बन्धी भए गरेका गतिविधि र विशेष साधारण सभाको एजेन्डाका बारेमा सभा समक्ष छोटकरीमा आफ्नो मन्तव्य प्रस्तुत गर्नुभयो ।

## १०. संस्थापक अध्यक्ष श्री जीत बहादुर श्रेष्ठ तथा पूर्व सञ्चालक श्री लक्ष्मी बहादुर श्रेष्ठलाई सम्मान कार्यक्रम

सञ्चालक समितिका अध्यक्ष एंव विशेष साधारण सभाका सभापति श्री ए.आर.एम. नजमुस शकिबज्यूले नेपाल बङ्गलादेश बैंकका संस्थापक अध्यक्ष श्री जीत बहादुर श्रेष्ठलाई उहाँले यस बैंकको संस्थापना तथा प्रगतिमा पुऱ्याउनुभएको महत्त्वपूर्ण योगदानको कदर गर्दै कदर-पत्र प्रदान गरी दोसल्ला ओढाएर सम्मान गर्नुभयो । संस्थापक अध्यक्ष श्री जीत बहादुर श्रेष्ठले बैंकले आफूलाई सम्मान गरेकोमा खुशी तथा कृतज्ञता व्यक्त गर्दै विशेष साधारण सभाको पूर्ण सफलताको शुभकामना दिनुभयो । तत्पश्चात् बैंकका पूर्वसञ्चालक श्री लक्ष्मी बहादुर श्रेष्ठलाई पनि सञ्चालक समितिका अध्यक्ष एंव विशेष साधारण सभाका सभापति श्री ए.आर.एम. नजमुस शकिबज्यूले दोसल्ला ओढाएर सम्मान गर्नुभयो । श्री लक्ष्मी बहादुर श्रेष्ठले आजको विशेष साधारण सभाको सफलतको शुभकामना सहित नबील बैंकमा गाभिए पश्चात् देशकै सबल र अग्रणी बैंक बन्न लागेकोमा आफूलाई खुशी लागेको भन्दै साधारण सभाका एजेन्डामा आफ्नो पूर्ण समर्थन रहेको सभा समक्ष जानकारी गराउनुभयो ।

११.　छलफलको लागि आह्वान

शेयरधनी महानुभावहरूलाई आजको विशेष साधारण सभाका विशेष प्रस्तावका रूपमा प्रस्तावित Merger and Acquisition सम्बन्धी विषय सूची विषय उपर आफ्नो जिज्ञासा, मन्तव्य तथा रायसुझाव प्रस्तुत गर्न आमन्त्रण गरियो । त्यसपछि निम्न शेयरधनी महानुभावहरूले निम्नानुसारका माध्यमबाट आ-आफ्नो जिज्ञासा तथा सुझावहरू प्रस्तुत गर्नुभयो :-

**जुम वेबिनार मार्फत् छलफलमा सहभागी शेयरधनी :**

११.१ श्री चन्द्र नारायण श्रेष्ठ

**सभा-स्थलमा उपस्थित भई छलफलमा सहभागी शेयरधनीहरू :**

११.२ श्री कृष्ण प्रसाद अधिकारी (काश्यप)

११.३ श्री भक्ति प्रसाद उप्रेती

११.४ श्री गोगन बहादुर पराजुली

११.५ श्री लवराज जोशी

११.६ श्री पुण्य प्रसाद अर्याल

११.७ श्री सिर्जना तिम्सिना

**लिखित सुझाव/मन्तव्य पठाउने शेयरधनी महानुभावहरू :-**

११.८ श्री अशोक उप्रैती

११.९ श्री दिवाकर खड्का

११.१० श्री सुनिता भट्टराई

**छलफलमा सहभागी शेयरधनी महानुभावहरूले निम्न जिज्ञासा तथा सुझावहरू प्रस्तुत गर्नुभयो :**

- नेपाल बङ्गलादेश बैंक र नबील बैंकको Earning Per Share (EPS) झण्डै बराबर रहेको र नेपाल बङ्गलादेश बैंकलाई दिइएको Share Swap Ratio - 43% निकै कम भएको र बैंकको कूल पुँजी समेत घट्ने देखिएको हुँदा, सकिन्छ भने परिमार्जन गरेर Share Swap Ratio बढाउनु उचित हुने सुझाव व्यक्त गर्नुभयो ।
- दुवै संस्था गाभिएपछि बन्ने संस्था सबल होस् र लामो समयसम्म कायम रहोस् भन्ने शुभकामना दिनुभयो ।
- नेपाल बङ्गलादेश बैंकका शेयरधनीको शेयर संख्या प्राप्ति पश्चात् केही घट्ने भए तापनि अन्ततः शेयरधनीलाई फाइदा नै हुने धारणा व्यक्त गर्नुभयो ।

- विशेष साधारण सभाको एउटै मात्र एजेन्डा : नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई नबील बैंक लिमिटेडले प्राप्ति गर्ने रहेको हुँदा त्यसैमा केन्द्रित भई एजेन्डा पारित गरेर अगाडि बढ्नु पर्ने सुझाव दिनुभयो ।
- कुनै पनि संस्था प्राप्ति गर्दा प्राप्तिमा जानेभन्दा प्राप्ति गर्नेको हात माथि हुने भएकाले नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई कम Share Swap Ratio दिइनु स्वाभाविक नै भएको धारणा राख्नुभयो ।
- २८ जना कर्मचारी सहित शुरु गरेको नेपाल बङ्गलादेश बैंक २८ औं वर्ष प्रवेश गरेर नबील बैंक लिमिटेडमा बिलिन हुन लागेकोले २८ वर्षसम्म सेवा गरेका कोही कर्मचारी भए तिनको आज सम्मान गरेको भए हुन्थ्यो भन्ने सुझाव व्यक्त गर्नुभयो ।
- नेपालमा विगत ५-७ वर्षदेखि नै उत्कृष्ट बैंक बन्दै आएको नबील बैंक लिमिटेडमा नेपाल बङ्गलादेश बैंक समेत गाभिएपछि बन्ने बैंकमा Synergy effect आएर नबील बैंक अझ १२-१५ वर्षसम्म उत्कृष्ट बैंकका रूपमा रहनेछ भन्ने विश्वास व्यक्त गर्नुभयो ।
- नेपाल बङ्गलादेश बैंक लिमिटेडमा रहेका विदेशी संस्थापक शेयरधनीले यस बैंकलाई एउटा सबल बैंकसँग गाभी टुङ्गोमा पुऱ्याएर छाड्न लागेकोमा धन्यवाद दिनुभयो ।
- विशेष साधारण सभाका राखिएका एजेन्डाहरूको समर्थन गर्दै असार मसान्तभित्रै एकीकृत कारोबार शुरु होस् भन्ने शुभकामना दिनुभयो ।
- DDA Report विस्तृत रूपमा पढ्न पाएको भए Share Swap Ratio को सही विश्लेषण गर्न सकिन्थ्यो भन्ने धारणा व्यक्त गर्दै सकिन्छ भने Share Swap Ratio बढाउनु उचित हुने सुझाव दिनुभयो ।
- नेपाल बङ्गलादेश बैंक लिमिटेडको २८ वर्ष लामो इतिहास मेटाएर प्राप्ति प्रकृयामा अगाडि जान लागेको हुँदा खुशीभन्दा बढी दुःख लागेको विचार व्यक्त गर्नुभयो ।
- विगतमा प्राप्ति प्रकृयामा प्राप्ति भएर जाने संस्थाका कर्मचारीमाथि विभेद हुने गरेको र उनीहरूको मनोबल उच्च नहुने सम्भावनाको स्मरण गराउँदै कर्मचारीको उच्च मनोबल कायम राख्न र कुनै पनि विभेद नगर्न सुझाव दिनुभयो ।
- प्राप्ति पश्चात् बन्ने नबील बैंकमा हाल दुबै बैंकमा कायम रहेका शाखाहरूको संख्या नघट्ने गरी शाखाहरूको संख्या मिलाउनु उचित हुने धारणा व्यक्त गर्नुभयो ।
- नियमनकारी निकायले शुरुमा धमाधम इजाजतपत्र वितरण गर्ने र पछाडि बलजफ्ती Merger/Acquisition गर्न/गराउन लगाउने प्रवृत्ति देखिएको र यस्तो कार्य उचित नभएको धारणा व्यक्त गर्नुभयो ।
- बढी पुँजी भएका ठूला बैंकहरू पनि समस्याग्रस्त भएको र शेयरधनीलाई यथोचित प्रतिफल दिन नसकेको धारणा व्यक्त गर्दै साना र मध्यम स्तरका लगानीमा केन्द्रित कम पुँजी भएका बैंकहरूले नै राम्रो प्रतिफल दिइरहेको हुँदा Merger/Acquisition आवश्यक नभएको धारणा व्यक्त गर्नुभयो ।
- Merger/Acquisition गर्दा बैंकका शाखाहरूमा गरिएको ठूलो खर्चलाई पनि मध्यनजर गरेर सँगसँगै रहेका शाखाहरूलाई मिलाउन सुझाव दिनुभयो ।
- बैंकले विशालनगरमा आफ्नो कर्पोरेट भवन बनाउन जग्गा खरिद गर्दा केही व्यक्तिहरूले विरोध तथा

उजुर-बाजुर गर्दै हिँडेकोमा उक्त जग्गाको मूल्य आजको अवस्थामा निकै बढिसकेको र बैंकले लिएको सो निर्णय अत्यन्त सही सावित भएको धारणा व्यक्त गर्नुभयो ।

- बैंकसँग आफ्नो जग्गा लगायत गैर बैङ्किङ्ग सम्पत्तिका रूपमा अरबौंको सम्पत्ति रहेकोमा बैंकलाई दिइएको Share Swap Ratio अत्यन्त कम भएको धारणा व्यक्त गर्नुभयो ।
- Merger/Acquisition पछि बन्ने नबील बैंक लिमिटेडमा नेपाल बङ्गलादेश बैंकका कर्मचारीहरूलाई उचित स्थान र सम्मानपूर्ण व्यवहार गरिनुपर्ने सुझाव पेश गर्नुभयो ।
- नेपाल बङ्गलादेश बैंक Merger/Acquisition प्रकृयामा जानुपर्नाको कारण के हो ? स्पष्ट नभएकाले स्पष्ट पारिदिन अनुरोध गर्नुभयो ।
- नबिल बैंक जस्तो सक्षम र सबल बैंकसँग Merger/Acquisition गराएर बैंकका सञ्चालक तथा संस्थापकहरूले असल अभिभावकको भूमिका निर्वाह गर्न सकेकोमा प्रसंसा गर्नुभयो ।
- मर्जर पश्चात् स्वेच्छिक अवकाश लिन चाहने कर्मचारीका लागि ल्याइएको स्वेच्छिक अवकाश योजना (VRS) प्रति कर्मचारीहरूबाट असन्तुष्टि रहेको सुनिन आएकाले त्यसलाई सम्बोधन गर्न सञ्चालक समितिलाई सुझाव दिनुभयो ।
- मर्जर पश्चात् नबील बैंक देशको अग्रणी बैंक हुने हुँदा सोही अनुसार थप उन्नति प्रगति रहोस् भन्दै मर्जर एक्विजिसनको एजेन्डालाई पारित गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।
- नबील बैंक र नेपाल बङ्गलादेश बैंकको मर्जर प्रकृया प्रति सकारात्मक धारणा राख्दै विशेष साधारण सभा मार्फत् शुभकामना प्रेषित गर्नुभयो ।
- नेपाल बङ्गलादेश बैंकका कर्मचारीहरूको पद (तह) तथा खाइपाइ आएको तलब भत्ता र सेवा सुविधा नघट्ने गरी गाभिनु पर्ने सुझाव प्रेषित गर्नुभयो ।
- खण्डिकृत शेयरलाई पूर्णाङ्कित गरेर नबील बैंकमा गाभिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

## १२. शेयरधनीहरूबाट आएका प्रश्न तथा जिज्ञासाहरूको जवाफ

शेयरधनी महानुभावले राख्नुभएको जिज्ञासालाई सभाका अध्यक्षज्यूको अनुमति लिएर बैंकका सञ्चालक, मर्जर तथा एक्विजिसन कमिटीका संयोजक तथा संयुक्त मर्जर तथा एक्विजिसन समितिका सदस्य श्री इन्द्र बहादुर थापाले जवाफ दिनुभयो । जवाफ दिने क्रममा उहाँले शेयरधनी महानुभावहरूका सुझावलाई बैंकले मार्ग निर्देशनको रुपमा लिई Merger and Acquisition पछि बन्ने नबील बैंक अझ सशक्त र प्रभावकारी ढङ्गबाट अगाडि बढ्नेछ भन्ने विश्वास व्यक्त गर्नुभयो ।

## १३. विशेष साधारण सभाको निर्णय

(क) **विशेष प्रस्तावहरू (कम्पनी ऐन, २०६३ को दफा ८३ बमोजिम) :**

**१. नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई नबिल बैंक लिमिटेडले प्राप्ति(Acquisition)गर्ने प्रयोजनका लागि मुल्यांकनकर्ता PKF T R Upadhayay and Co., Chartered Accountants बाट प्राप्त लक्षित संस्थाको सम्पत्ति, दायित्व तथा कारोबारको मुल्यांकन प्रतिवेदन (Due**

**Diligence Audit Report)** बमोजिम सिफारिस गरिएको शेयर आदान प्रदान अनुपात **(Share Swap Ratio)**मा व्यावसायिक अवसरहरू, व्यवसायको प्रतिष्ठा, कर्मचारीहरूको योग्यता, क्षमता, दक्षता तथा कार्यकुशलता, बजार उपस्थिति, मुनाफा वितरणको इतिहास, पछिल्लो शेयर बजार मुल्य समेतका थप विषयहरूको आधारमा नेपाल बङ्गलादेश बैंक लिमिटेडको १०० कित्ता शेयर बराबर यस कम्पनीका शेयरधनीहरूलाई नबिल बैंक लिमिटेडको ४३ कित्ता (१:०.४३) शेयर प्राप्त हुने गरी नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई नबिल बैंक लिमिटेडले प्राप्तिमा **(Acquisition)** लैजान स्वीकृति प्रदान गर्ने ।

नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई नबिल बैंक लिमिटेडले प्राप्ति(Acquisition)गर्ने प्रयोजनका लागि मुल्यांकनकर्ता PKF T R Upadhayay and Co., Chartered Accountants बाट प्राप्त लक्षित संस्थाको सम्पत्ति, दायित्व तथा कारोबारको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) बमोजिम सिफारिस गरिएको शेयर आदान प्रदान अनुपात (Share Swap Ratio)मा व्यावसायिक अवसरहरू, व्यवसायको प्रतिष्ठा, कर्मचारीहरूको योग्यता, क्षमता, दक्षता तथा कार्यकुशलता, बजार उपस्थिति, मुनाफा वितरणको इतिहास, पछिल्लो शेयर बजार मुल्य समेतका थप विषयहरूको आधारमा नेपाल बङ्गलादेश बैंक लिमिटेडको १०० कित्ता शेयर बराबर यस कम्पनीका शेयरधनीहरूलाई नबिल बैंक लिमिटेडको ४३ कित्ता (१:०.४३) शेयर प्राप्त हुने गरी नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई नबिल बैंक लिमिटेडले प्राप्तिमा (Acquisition) लैजान स्वीकृति प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

२. **नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई नबिल बैंक लिमिटेडले प्राप्ति(Acquisition)गर्ने/मा लैजाने सम्बन्धमा भएको सम्पत्ति, दायित्व, तथा कारोबारको मुल्यांकनकर्ता PKF T R Upadhayay and Co., Chartered Accountants को नियुक्ति तथा निजलाई भुक्तानी गरिएको पारिश्रमिक, सम्पत्ति तथा दायित्व मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report), समझदारीपत्र (Memorandum of Understanding) तथा अन्तिम सम्झौतापत्र (Final Scheme of Arrangement), Merger & Acquisition Committee को गठन र सो कमिटीबाट भए-गरेका निर्णय लगायतका सम्पूर्ण काम कारवाहीहरूलाई अनुमोदन गर्ने ।**

नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई नबिल बैंक लिमिटेडले प्राप्ति(Acquisition)गर्ने/मा लैजाने सम्बन्धमा भएको सम्पत्ति, दायित्व, तथा कारोबारको मुल्यांकनकर्ता PKF T R Upadhayay and Co., Chartered Accountants को नियुक्ति तथा निजलाई भुक्तानी गरिएको पारिश्रमिक, सम्पत्ति तथा दायित्व मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report), समझदारीपत्र (Memorandum of Understanding) तथा अन्तिम सम्झौतापत्र (Final Scheme of Arrangement), Merger & Acquisition Committee को गठन र सो कमिटीबाट भए-गरेका निर्णय लगायतका सम्पूर्ण काम कारवाहीहरूलाई अनुमोदन गर्ने प्रस्ताव

सर्वसम्मतिबाट पारित भयो ।

३. **नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई नबिल बैंक लिमिटेडले प्राप्तिमा लैजाने सम्बन्धमा दुबै पक्षबिच गरिएको अन्तिम सम्झौतापत्र बमोजिम नियमनकारी निकायहरूबाट प्राप्त सुझाव तथा निर्देशन बमोजिम प्राप्ति भई जाने सम्बन्धमा गर्नुपर्ने थपघट तथा आवश्यक संशोधन लगायत सो सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्यहरू गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।**

नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई नबिल बैंक लिमिटेडले प्राप्तिमा लैजाने सम्बन्धमा दुबै पक्षबिच गरिएको अन्तिम सम्झौतापत्र बमोजिम नियमनकारी निकायहरूबाट प्राप्त सुझाव तथा निर्देशन बमोजिम प्राप्ति भई जाने सम्बन्धमा गर्नुपर्ने थपघट तथा आवश्यक संशोधन लगायत सो सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्यहरू गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

**(ख) विविध** (नरहेको) ।

## १३. धन्यवाद ज्ञापन तथा सभा-विसर्जन

अन्त्यमा, सभाको सभापतित्व गर्नुहुने अध्यक्ष श्री ए.आर.एम. नजमुस शकिबज्यूले विशेष साधारण सभामा भौतिक रूपमा तथा जुम वेबिनार मार्फत् उपस्थित भएर सक्रिय रुपमा छलफलमा संलग्न भई सभालाई सफलतापूर्वक सम्पन्न गराउन योगदान पुऱ्याउनुहुने लगायत सम्पूर्ण शेयरधनी महानुभावहरू, अतिथिहरू, पर्यवेक्षक तथा नियामक निकायहरू, बैंकको व्यवस्थापन तथा कर्मचारी वर्ग लगायत सबै जनालाई धन्यवाद ज्ञापन गर्दै बैंकको विशेष साधारण सभा विसर्जन गरिएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| ...................................... | ...................................... |
| विश्वप्रकाश पौडेल (Bishwa Prakash Poudel) | ए.आर.एम. नजमुस शकिब (A.R.M. Nazmus Sakib) |
| कम्पनी सचिव (Company Secretary) | अध्यक्ष (Chairman) |